आज मिति २०७४।१२।२२ गतेका दिन वडा नं. ८ को नयाँगाउ थारु होम स्टे को सभाहलमा राप्ती सोनारी गाउपालिकाका अध्यक्ष श्री लाहुराम थारुको अध्यक्षतामा निम्न उपस्थितिमा बैठक बसी निम्न बमोजिमको निर्णय गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| श्री लाहुराम थारु | | अध्यक्ष |
| श्री धनी कुमारी खत्री | | उपाध्यक्ष |
| श्री चन्द्र बहादुर वली | वडा अध्यक्ष वडा नं. | १ सदस्य |
| श्री मदन कुमार वली | ,, ,, ,, | २ सदस्य |
| श्री गंगाराम थारु | ,, ,, ,, | ३ सदस्य |
| श्री कान्छा थारु | ,, ,, ,, | ४ सदस्य |
| श्री झगरु थारु | ,, ,, ,, | ५ सदस्य |
| श्री जनक बहादुर थारु | ,, ,, ,, | ६ सदस्य |
| श्री रामलखन थारु | ,, ,, ,, | ७ सदस्य |
| श्री खुम बहादुर बस्नेत | ,, ,, ,, | ८ सदस्य |
| श्री महावीर वली | ,, ,, ,, | ९सदस्य |
| श्री दमकला जैसी | महिला सदस्य | सदस्य |
| श्री नैनी कुमारी खत्री | ,, ,, | सदस्य |
| श्री मीना कुमारी विष्ट | ,, ,, | सदस्य |
| श्री लिला नेपाली | ,, ,, | सदस्य |
| श्री देवराज कुमाल | | सदस्य |
| श्री पतरी दपाई | | सदस्य |
| श्री भरत कुमार मल्ल | प्रमुख प्रशासकीय अधिकृत | सचिव |

निर्णयः-

नं. १. थारु समुदायको माघि महोत्सव नगिच आइ रहेको सन्दर्भमा माघी महोत्सव लाग्ने स्थान भूर भवानी मन्दिर प्राङ्गणमा खानेपानी को ज्यादै असुविधा भएकोले तत्काल खानेपानीको व्यवस्थाको लागी भूर भवानी पन्दिर तारवार तथा टहरो निर्माण उपभोक्ता समितिलाई रु. ३०००००। तिन लाख उपलब्ध गराई सो काम गर्न मौखिक सल्लाह भई रु. २०००००। दुई लाख तत्कालै पेश्की उपलब्ध गराएको र उक्त कार्यक्रम पनी स्वीकृत भएकोमा सोही समितिले खाने पानी व्यवस्थापनको कार्य सम्पन्न गरी भूक्तानी भएकोले सो समितिलाई नै उपभोक्ता समिति मानी भएको खर्च समर्थन गर्ने निर्णय गरियो ।

नं. २. नेपाल सरकारले नेपाल अधिराज्यलाई नै सन २०१७ सम्ममा पूर्ण खोप देश घोशना गर्ने लक्ष रहेकोमा विभिन्न कारणवस सो कार्यक्रम समयमा सम्पन्न भई नसकेको र यस गाउपालिका पनी पूर्ण खोप गाउपालिका घोशना नभएकोले सो घोशना कार्यक्रम गर्नको लागी मिति २०७४।१२।२७ गते तय भएकोमा सो कार्यक्रम संचालन गर्न बजेट आवश्यक भएकोले उक्त कार्यक्रम संचालनको लागी आवश्यक पर्ने बजेट गाउपालिकाको अध्यक्षको सिफारिसको आधारमा कन्टिजेन्सी शिर्षकबाट खर्च गर्ने निर्णय गरियो ।

नं. ३. गाउपालिकाको शिक्षा शाखा बाट संचालन हुने गाउपालिका स्तरिय परिक्षा संचालन, विद्यालय अनुगमन तथा शिक्षा समितिको बैठक संचालनको लागी आवश्यक पर्ने रकम गाउपालिकाको अध्यक्षको सिफारिसमा कन्टिजेन्सी शिर्षकबाट खर्च गर्ने निर्णय गरियो ।

नं.४. गाउपालिका तथा वडा कार्यालयका कार्यरत कर्मचारीहरुलाई शुरु तलव स्केलको २५ प्रतिशत रकम प्रोत्साहन भत्ता दिने आन्तरिक श्रोतमा बजेट व्यवस्था भएकोमा हाल सम्म उक्र भत्ता भूक्तानी नभएको र गाउपालिका तथा वडा कार्यलयहरुमा खटिई कार्यालय समय भन्दा पनी बढी समय काम काज गर्ने कर्मचारीहरुको काम प्रतिको लगाव तथा काममा छिटो छरितो र प्रभावकारी बनाउन प्रोत्साहन भत्ता दिन उपयूक्त नै देखिएकोले गाउपालिकाको हकमा गाउपालिकाको अध्यक्ष र वडा कार्यालयको हकमा वडा अध्यक्षको सिफारिसको आधारमा २०७४ साल श्रावण देखी २०७४ साल चैत्र सम्मको शुरु तलव स्केलको २५ प्रतिशत ले हुने रकम प्रोत्साहन भत्ता आन्तरिक श्रोतबाट भूक्तानी दिने निर्णय गरियो ।

नं. ५. यस गाउपालिको २०७४ साल श्रावण देखी २०७४ साल फाल्गुन सम्मको भएको चालु , पूजिगत तथा आन्तरिक खर्चको आन्तरिक लेखा परिक्षण गरि दिनको लागी कोष तथा लेखा नियन्त्रक कार्यालय बाँके लाई अनुरोध गर्ने निर्णय गरियो ।

नं. ६.नब निर्वाचित महिला जन प्रतिनिधिहरुको क्षमता अभिबृद्धि को लागी क्षमता अभिबृद्धि सम्वन्धि तालिम गर्न महिला जन प्रतिनिधिबाट माग भएको र यस गाउपालिकामा २० जना महिला जन प्रतिनिधि भएकोले सबै २० जनालाई क्षमता अभिबृद्धि तालिम संचालनको लागी प्रस्ताव भई आएमा आवश्यकता र औचित्यको आधारमा चालु खर्चको कर्मचारी सिप विकास र जनचेतना तालिम तथा गोष्टि सम्मेलन खर्च शिर्षक बाट दिने निर्ण गरियो ।